

भक्तपुर नगरपालिका–४ तालाक्वोंस्थित पोटरी स्क्वायरमा रङ भरिएको कर्चौंलाई कलामा उतार्दै कलाकार मीना भैल। *तस्बिरः रासस*

# बजार अनुगमनलाई तीव्रता दिँदै कामपा

■ प्रभाव संवाददाता

**काठमाडौं–** चाडपर्व नजिकएसँगै काठमाडौं महानगरपालिका (कामपा)ले बजार अनुगमनलाई तीव्र बनाएको छ। कामपा र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले बजार अनुगमन थालेको हो। नयाँबानेश्वर क्षेत्रमा रहेका साना होटल तथा रेस्टुरेण्ट व्यवसायमा अनुगमन गर्दा अधिकांश व्यवसाय मापदण्डविपरीत सञ्चालनमा रहेका पाइएको कामपाले जानकारी दिएको छ।

काठमाडौं महानगरपालिका कृषि तथा पशुपन्छी विभागका विभागीय प्रमुख नुरनिधि न्यौपानेका अनुसार कानुनविपरीत सञ्चालन गरिएको व्यवसायलाई नियमानुसार आउन निर्देशन दिइएको जानकारी दिँदै अटेर गरेमा कानुनबमोजिम कारबाही गरिने बताए। उनका अनुसार सानो लापरवाहीबाट विभिन्न रोगको संक्रमण फैलिन सक्ने भएकाले सरसफाइमा ध्यान दिनु व्यवसायीको कर्तव्य हो।

प्रमुख न्यौपानेले भने, 'महानगर अनुगमन गरेर व्यवसायीलाई तर्साउन चाहँदैन, सबैले आफ्नो कर्तव्य र जिम्मेवारी नबिर्सौं, सरसफाइमा ध्यान दिनु उपभोक्ता र व्यवसायी दुवैका लागि फाइदा हुन्छ।'

कामपा खाद्य स्वच्छता तथा गुणस्तर कार्यक्रमका सल्लाहकार सन्तोष गिरीका अनुसार महानगरले सशक्तीकरण, अनुगमन र नियमनलाई अहिले प्राथमिकता दिएको छ। उनले भने, 'हामी बजार कस्तो र कुन अवस्था छ भनेर बुझ्दै छौं। व्यवसायीहरू खाद्य स्वच्छता र गुणस्तरीयतामा कत्तिको सचेत हुनुहुन्छ भनेर मूल्यांकन गर्दै छौं। राम्रो गर्नेलाई हौसला दिन्छौं, कमजोरी देखिए सम्झाउँछौं, सचेत गराउँछौं; त्यति गर्दा पनि अटेर गर्नेलाई कानुनबमोजिम कारबाही हुन्छ।'



महानगरले मापदण्डविपरीत सञ्चालन भएका व्यवसायलाई खाद्य अनुज्ञापत्रमा तोकिएका वस्तुमात्र प्रयोग गर्न, सरसफाइमा विशेष ध्यान दिन, मास्क-एप्रोन-पञ्जाजस्ता खाद्य स्वच्छता मानक पालना गर्न, फोहोर व्यवस्थापनमा डस्टबिनको प्रयोग गर्न, व्यवसाय दर्ता समयमा नवीकरण गर्न र मापदण्डअनुसार व्यवसाय सञ्चालनमा ल्याउन निर्देशन दिइएको छ। साथै, यथाशीघ्र स्पष्टीकरणसहित महानगरमा उपस्थित हुन निर्देशन दिइएको छ।

महानगरका अनुसार अनुगमनको उद्देश्य व्यवसायीलाई डर देखाउने नभई व्यवसायीलाई स्वच्छ, जिम्मेवार र कानुनअनुसार व्यवसाय सञ्चालन गर्न प्रेरित गर्ने हो। यति गर्दा पनि लापरवाही गरेमा कानुनअनुसार कारबाही हुने महानगरले जानकारी दिएको छ। व्यवसायीको सानो गल्तीले उपभोक्ताको स्वास्थ्यमा नकारात्मक असर पर्नसक्ने भएकाले व्यवसायीले थप जिम्मेवार भएर कानुनअनुसार सेवालाई प्रभावकारीरूपमा प्रदान गर्नुपर्नेमा कामपाले जोड दिएको छ।

# अवाञ्छित गतिविधि देखिए प्रहरीलाई खबर गर्न आग्रह

**काठमाडौं (प्रस)–** नेपाल प्रहरीले सुख, शान्ति, समृद्धि र आपसी सद्भावका साथ मनाइने चाड तिहारमा आफ्नो घर र समुदायमा कुनै अवाञ्छित गतिविधि देखिएमा प्रहरीलाई तत्काल खबर गर्न आग्रह गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंले बुधबार एक सूचना जारी गरी चाडपर्वलाई अपराधरहित बनाई हर्षोल्लासपूर्वक मनाउन आफ्नो घर र समुदायमा कुनै अवाञ्छित गतिविधि देखिएमा तत्कालै प्रहरी कन्ट्रोल नम्बर १०० मा खबर गर्न सबैलाई आग्रह गरेको हो। परिसरले आफ्नो चिनाजानी भएको स्थानमा मर्यादित एवं सभ्य तवरले देउसीभैलो खेल्न, आफ्नो टोलमा तास, जुवा खेल्ने व्यक्तिहरूबारे प्रहरीलाई समयमै खबर गर्नसमेत आग्रह गरेको छ।

पटाका तथा झिरझिरे पड्काउने व्यक्तिमाथि मुलुकी अपराध संहिता २०७४ को विष्फोटक पदार्थसम्बन्धी कसुरमा तीन वर्षसम्म कैद र ३० हजार रूपैयाँसम्म जरिवाना हुने भएकाले त्यसो नगर्न भनेको छ। यस्तै, मादकपदार्थ सेवन गरेर सवारीसाधन नचलाउन, सार्वजनिक स्थानमा मद्यपान तथा धूमपान नगर्नसमेत अनुरोध गरेको छ।

यसैगरी नगद, बहुमूल्य सामान र गरगहना सकेसम्म लकरमा राख्न, विद्युतीय माध्यमबाट मात्र आर्थिक कारोबार गर्न, लागुऔषध, नशालु पदार्थ सेवन, ओसार पसार, सञ्चय तथा बेचबिखन गर्ने व्यक्तिबारे प्रहरीलाई खबर गर्न सबैमा अनुरोध गरेको छ।

यस्तै, छतमा चढेर यात्रा नगर्न, यात्रा गर्ने क्रममा कुनै पनि अपरिचित व्यक्तिले दिएको खानेकुरा नखान, नचिनेको व्यक्तिले घरको ढोका ढक्ढकाएमा नखोल्न, आफ्नो घर, टोल, छिमेकमा आपत्कालीन साइरन र सिसिटिभी क्यामरा जडान गर्नसमेत सबैलाई आग्रह गरेको छ। प्रहरीले धम्कीपूर्ण फोन आएमा रेकर्ड गर्न मिल्नेसम्म रेकर्ड गरी फोन नम्बरसहित प्रहरीलाई खबर गर्न, लामो समय घरबाहिर जानुपरेमा विश्वासिलो छिमेकी वा नजिकको प्रहरीलाई जानकारी गराउन, तिहार र छठपर्वका लागि गाउँ जान लागेकोलगायत उल्लेख गरी सामाजिक सञ्जालमा पोस्ट नगर्न भनेको छ।

# प्रविधिमैत्री अभियानमा कामपा–२६

## 'डिजिटल ठेगाना प्रणाली' कार्यान्वयनमा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका-२६ ले 'डिजिटल ठेगाना प्रणाली' कार्यान्वयनमा ल्याएको छ। 'नियर फिल्ड कम्युनिकेसन' (एनएफसी) प्रविधिमा आधारित यो प्रणालीको बुधबार शुभारम्भ गरिएको छ। कामपा-२६ ले आफ्नो वडालाई प्रविधिमैत्री बनाउने उद्देश्यले उक्त प्रविधिमा आधारित 'डिजिटल ठेगाना प्रणाली'को शुभारम्भ गरेको उक्त वडाका वडाध्यक्ष ख्यामराज तिवारीले बताए। यो प्रणाली जडान गरेसँगै वडाभित्रका सबै घरको विस्तृत विवरण थाहा पाउन सकिने उनको भनाइ छ।

वडाध्यक्ष तिवारीले बुधबार लैनचौरस्थित वडा कार्यालयमा डिजिटल नम्बर '०९ लक्षद्रव्य ६१११' कोडसहितको विवरण समावेश गरिएको सूचनापाटी (नम्बरप्लेट) जडान गरे। कामपा-२६ भित्र लैनचौर, गल्कोपाखा, ठमेल, कपुरधारा, सामाखुसी, रानीबारी, नयाँबसपार्कलगायत क्षेत्रहरू पर्दछन्।

महानगरले विगत दुई दशकदेखि मेट्रिक ठेगाना प्रणाली लागू गरेको भए पनि उक्त प्रणालीलाई रूपान्तरण गर्दै एनएफसी प्रविधिमा आधारित 'डिजिटल ठेगाना प्रणाली' सुरु गरेको हो। उक्त प्रणाली सुरु गर्ने वडा नं २६ पहिलो वडा बनेको छ।

यस प्रणालीमा पुरानो ठेगाना तथा बाटोको नामलाई यथावत् राखी 'क्युआर कोर्ड' र 'चिप्स'सहितको ठेगाना समावेश गरिएको सूचनापाटी जडान हुने छ। जडान गरिएको सूचनापाटीमा नेपाली स्थानीय 'कोड'सँगै 'युनिभर्सल गुगल प्लसकोड' हुने वडाध्यक्ष तिवारीले जानकारी दिए।

फोहोर संकलनको जानकारी दिन, कुनै तथ्यांक संकलन गर्न, स्थानीयस्तरबाट कुनै सूचना प्रवाह गर्नुपर्नेलगायत अत्यावश्यक कामका लागि शीघ्र र न्यून लागतमा काम गर्न सकिने वडा कार्यालयले जानकारी दिएको छ। कामपा-२६ का वडासचिव केदार रिमालले उक्त प्रणाली जडान गरेसँगै वडाभित्र विपद् व्यवस्थापन तथा राजस्व संकलन प्रभावकारी गर्न सकिनुका साथै वडास्तरीय योजना तर्जुमा गर्नसमेत सहयोग पुग्ने विश्वास व्यक्त गरे।


## साउदीमा रोजगार

कम्पनी : FORSA ARABIA CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/३० | LT. No. 327087 | चलानी नं. ६०२४१०३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 5 | 0 | 1200 | ४५,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ७ गते (24th Oct. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**World King H.R.International Pvt.ltd.**
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82

## साउदीमा रोजगार

कम्पनी : GHEENA CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/३० | LT. No. 318440 | चलानी नं. ६०२३३२९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | road maintenance worker | 2 | 0 | 1000 | ३७,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARABA RICK AUTOMOTIVE SERVICES EST

पूर्व स्वीकृति मिति : २०८२/०६/३० | LT. No. 332451 | चलानी नं. ६०२४६१४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING LABOUR | 2 | 0 | 1000 | ३७,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ७ गते (24th Oct. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ११०८/०७३/०७४

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323, Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS


## रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

### विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०६/३१**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको प्रविधि मैत्री विद्यालय व्यवस्थापन सामग्रीहरु खरिद तथा आपूर्ति गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website:www.rautamaimun.gov.np र सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website:www.ppmo.gov.np मार्फत हेर्न सकिने र बोलपत्र सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ।

**बोलपत्र सम्बन्धी खरिद तथा आपूर्ति कार्यको विवरण**

| सि.नं. | बोलपत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई.रकम ( भ्याट बाहेक) रु. | धरौटी रकम | खरिद तथा आपूर्ति | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | RRM/NCB/ Goods/11/2082-083 | "Procurement, supply & installation of Smart Board, Laptop, printer and Projector (Prawidhi maitri vidhalaya Vyawasthapan) " | 1,28,61,711.82 | 3,73,000.00 | नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त उद्योग/निर्माता वा अधिकृत, बिक्रेता, डिलर/सप्लायर्स | रु.३०००/– |

**प्रमुख प्रशासकीय अधिकृत**

## Chhathar Jorpati Rural Municipality
## Office Of The Rural Municipal Executive
Jorpati, Dhankuta
Koshi Province

### Invitation for Online Bids

**Date of publication: 2082/06/31 (2025/10/17)**

1. The Chhathar Jorpati Rural Municipality Jorpati, Dhankuta invites Online Bids from eligible bidders for the procurement of the following works.

| Contract ID | Description | Estimated Amount (With Vat, PS & Contingency) | Bid Doc. Fee NRs | Bid Security NRs (Including VAT without PS) | Bid Security Validity | Remarks | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 03/CJRMUN/ NCB/2082/83 | Sindhuwa Chapari Chowk Yagyadanda Road Blacktop | 1,00,00,000/- | 3,000/- | 2,91,100 /- | 120 Days | NCB | 2082/07/30 (2025/11/16) At 13:00 |

2. Bidder who submits their bid electronically may download the bidding documents from www.bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account.
   Name of the Bank : Nabil Bank Ltd. Sindhuwa, Dhankuta.
   Office Account Name and No. : Antarik Rajaswa Khata 20901017500044 Rajaswa (revenue) Shirshak No :14249- अन्य दस्तुर
3. Bid security amount deposited at Name and A/C No. Dharauti Khata 20901017500025 on the behalf of Chhathar Jorpati Rural Municipality at Nabil Bank Ltd. Sindhuwa Branch. Or Bidder who choose to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
4. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp .